# हाते पुस्तिका

# म र मेरो महिनावारी






KOICA
People Peace Prosperity Planet

Good Neighbors International

PeaceWin
शान्तिदीप

KIRDARC
...together for social justice

# १. परिचय



किशोरावस्थामा प्रवेश गरेपछि किशोरीहरूमा आउने विभिन्न शारीरिक परिवर्तनहरू मध्ये महिनावारी पनि एक हो । प्रजनन ग्रन्थिहरूले उत्पादन गर्ने रागरसको प्रभावले गर्दा किशोरीहरूको पाठेघरबाट योनिद्वार हुँदै प्रत्येक

किशोरावस्थामा प्रवेश गरेपछि यौन तथा प्रजनन प्रक्रियामा रागरसले गर्दा किशोरी तथा महिलाका प्रजनन अङ्गहरु सक्रिय हुन्छन् । यसै क्रममा पाठेघर को दुवैपट्टि भएका डिम्बाशयहरूले प्रत्येक महिना पालैपालो एक-एकवटा डिम्ब निष्कासन गर्दछन् । डिम्बबाहिनी नलीको माध्यमबाट डिम्ब गर्भाशयसम्म पुग्दछ । यसै बेला तन्तु र रक्तकोषिकाहरू गर्भाशयको भित्तामा जम्मा हुन थाल्दछन् तर महिलाले यो कुराको महसुस गर्न सक्दिनन् । परिपक्व भएर डिम्बाशयबाट निष्कासन भएको डिम्बको आयु सरदर ४८ घण्टा हुन्छ । यो अवधिमा पुरूषको

# २. महिनावारी कहिलेदेखि कहिलेसम्म हुन्छ

शुक्रकीटसँग मिल्न गएमा गर्भधारण हुन्छ र शुक्रकीटसँग मिल्न नपाएमा डिम्ब निष्कृय हुन्छ, फुट्छ र महिलाको योनिद्वार हुँदै बाहिर निस्कन्छ । यो प्रक्रियालाई नै महिनावारी भनिन्छ । प्रत्येक महिना डिम्बको विकास हुने र पाठेघरको भित्ता बाक्लिने क्रम दोहोरिन्छ र रगत बग्दछ, यसैलाई महिनावारी चक्र भनिन्छ । महिनावारी चक्र पहिलो दिनबाट अर्कोपटक हुने पहिलो दिनसम्मका लाई भनिन्छ र धेरैजसो महिलाको महिनावारी चक्र २८ दिनको हुन्छ । यो चक्र २१ दिनदेखि ३५ दिनसम्मको हुन सक्दछ ।

अघिल्लो महिना महिनावारी भएको पहिलो दिनदेखि अर्को महिनावारी भएको पहिलो दिनसम्म जति दिनहरु भएका छन्, त्यसको हिसाब गरी महिनावारी चक्र निर्धारण गरिन्छ । यसबाट आगामी महिनामा कुन दिनबाट महिनावारी हुन्छ भन्ने जानकारी मिल्छ । यसलाई महिनावारी क्यालेण्डर पनि भनिन्छ ।



# ३ महिनावारी चक्र

किशोरावस्थामा प्रवेश गरेपछि यौन तथा प्रजनन प्रक्रियामा रागरसले गर्दा किशोरी तथा महिलाका प्रजनन अङ्गहरु सक्रिय हुन्छन् । यसै क्रममा पाठेघरको दुवैपट्टि भएका डिम्बाशयहरूले प्रत्येक महिना पालैपालो एक-एकवटा डिम्ब निष्कासन गर्दछन् । डिम्बबाहिनी नलीको माध्यमबाट डिम्ब गर्भाशयसम्म पुग्दछ । यसै बेला तन्तु र रक्तकोषिकाहरू गर्भाशयको भित्तामा जम्मा हुन थाल्दछन् तर महिलाले यो कुराको महसुस गर्न सक्दिनन् । परिपक्व भएर डिम्बाशयबाट निष्कासन भएको डिम्बको आयु सरदर ४८ घण्टा हुन्छ । यो अवधिमा पुरूषको शुक्रकीटसँग मिल्न गएमा गर्भधारण हुन्छ र शुक्रकीटसँग मिल्न नपाएमा डिम्ब निष्कृय हुन्छ, फुट्छ र महिलाको योनिद्वार हुँदै बाहिर निस्कन्छ । यो प्रक्रियालाई नै महिनावारी भनिन्छ । प्रत्येक महिना डिम्बको विकास हुने र पाठेघरको भित्ता बाक्लिने क्रम दोहोरिन्छ र रगत बग्दछ, यसैलाई महिनावारी चक्र भनिन्छ । महिनावारी चक्र पहिलो दिनबाट अर्कोपटक हुने पहिलो दिनसम्मका लाई भनिन्छ र धेरैजसो महिलाको महिनावारी चक्र २८ दिनको हुन्छ । यो चक्र २१ दिनदेखि ३५ दिनसम्मको हुन सक्दछ ।

अघिल्लो महिना महिनावारी भएको पहिलो दिनदेखि अर्को महिनावारी भएको पहिलो दिनसम्म जति दिनहरु भएका छन्, त्यसको हिसाब गरी महिनावारी चक्र निर्धारण गरिन्छ । यसबाट आगामी महिनामा कुन दिनबाट महिनावारी हुन्छ भन्ने जानकारी मिल्छ । यसलाई महिनावारी क्यालेण्डर पनि भनिन्छ ।

**प्रायः महिनावारी २८ देखि ३५ दिनमा हुन्छ । कसै कसैमा फरक पनि हुन सक्छ ।**




**महिनावारी चक्रलाई चार चरणमा बाँडेर हेर्न सकिन्छ :**


**पहिलो चरण** : पाठेघरको भित्तामा रहेको रक्तकोषिकाबाट बनेको झिल्ली (Endometrium) मासिक स्रावका रूपमा योनिद्वारबाट बाहिर निस्कनु ।

**दोस्रो चरण** : पाठेघरको भित्तामा रक्तकोषिकाको झिल्ली बन्ने क्रमको सुरूवात हुनु र झिल्ली क्रमशः मोटो बन्दै जानु ।

**तेस्रो चरण** (Ovulation) : डिम्बाशयबाट अण्ड निष्कासन भएर डिम्बबाहिनी नली (Fallopian Tube) मा आउनु ।

**चौथो चरण** : पाठेघरको भित्तामा बनेको रक्तकोषिकाको झिल्ली बढ्दै अत्यधिक मोटो बन्नु । यदि पाठेघरमा भ्रूणको निर्माण भएमा यो झिल्लीमार्फत भ्रूणलाई पोषण मिल्दछ तर धेरैजसो अवस्थामा पाठेघरमा भ्रूणको निर्माण हुँदैन । यसकारण महिनावारीको अघिल्लो चरणमा रक्तकोषिकाको यो झिल्ली मासिक स्रावका रूपमा बाहिर निस्कन्छ ।

हर्मोनका कारणले नियमित रूपमा हुने महिनावारी सामान्यतया हरेक २८ दिनमा हुन्छ । यो चक्र सात दिन अघिपछि पनि हुन सक्छ ।




## ४. किशोरावस्था

विश्व स्वास्थ्य संगठन अनुसार किशोरकिशोरी भन्नाले १० देखि १९ उमेर समूहका व्यक्तिहरू हुन् । यो बाल्य र वयस्क अवस्था बीचको समयावधि हो जसमा शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक र यौनिक विकास हुन्छन् । हाइपोथेलामस (Hypothelamus) र पिट्युटरी (Pitutary) जस्ता विभिन्न ग्रन्थिहरूले निष्कासन गर्ने रागरसहरूले शारीरिक वृद्धि विकास हुन्छ । डिम्बाशय (Ovum), अण्डकोष (Testis) र पौरूष ग्रन्थि (Prostate Gland) बाट निस्कने रागरसहरूले स्त्री वा पुरूषको गुण निर्धारण गर्दछन् ।

सामान्यतया: किशोरावस्थाका सबै परिवर्तनहरू सबैजनामा एउटै उमेरमा आउँछन् भने हुँदैन । किशोरावस्थालाई पनि दुई भागमा विभाजन गरिएको छ । पहिलो, पूर्व किशोरावस्था (१० देखि १४ वर्ष, र उत्तर किशोरावस्था १५ देखि १९ वर्ष । उस्तै प्रकारका परिवर्तन कसैलाई पूर्वकिशोरावस्था त कसैलाई उत्तर किशोरावस्थामा देखापर्न सक्दछ । अर्थात किशोरावस्थामा आउने परिवर्तनहरू कसैमा छिटो र कसैमा ढिलो गरी देखा पर्दछन् ।

किशोरावस्थामा वाह्य (देख्न सकिने) र आन्तरिक (देख्न नसकिने) गरी दुई किसिमका शारीरिक परिवर्तनहरू हुन्छन् । जस्तैः श्वासप्रश्वास प्रणाली, पाचन प्रणाली, ग्रन्थि तथा मांसपेशीहरूको विकास भएको प्रत्यक्ष देखिदैंन । किशोरावस्थामा देखिने केही वाह्य परिवर्तनहरू निम्न अनुसार छन् :

## किशोरावस्थामा देखिने केही परिवर्तनहरू


| किशोर | किशोरी |
|---|---|
| • तौल छिटोछिटो बढ्नु, मांशपेशी कडा हुनु<br>• हलक्क बढ्नु, काँध चौडा हुनु, छाती "V" आकारको हुनु र शरीर सुसङ्गठित हुँदै जानु<br>• लामा हाडहरूको विकास रोकिनु<br>• हातगोडामा मांशपेसी लाग्नु<br>• शारीरिक बलमा वृद्धि हुनु<br>• बढी पसिना आउनु र शारीरिक गन्धमा परिवर्तन आउनु<br>• स्तनको मुन्टो वरिपरि वृद्धि हुनु<br>• स्वर धोद्रो हुनु<br>• डण्डिफोर आउनु<br>• अनुहारमा दाह्री जुङ्गा आउनु, काखीमा र शरीरमा खासगरी पाखुरा र गोडा (खुट्टा) मा रौं आउनु<br>• जननेन्द्रिय वरिपरि रौं आउनु<br>• अण्डकोष तथा लिङ्गको आकारमा वृद्धि हुनु<br>• लिङ्ग उत्तेजित हुनु र आफैं उत्तेजित हुने क्रम बढ्नु<br>• वीर्य स्खलन शुरू हुनु<br>• हलक्क उचाइ बढ्नु | • तौल छिटो छिटो बढ्नु, शरीर पुष्ट र सुसङ्गठित हुँदै जानु<br>• लामो हाडहरूको विकास रोकिनु<br>• तिघ्रा सोली आकारको हुनु<br>• नितम्ब (पुट्ठा) चौडा हुनु<br>• पसिना आउने क्रम बढनु तथा गन्धमा परिवर्तन आउनु<br>• स्वरमा परिवर्तन आउनु वा स्वर अझै सुरिलो हुनु<br>• छाला चिल्लो हुन थाल्नु र डण्डिफोर आउन सुरू हुनु<br>• काखीमा, जननेन्द्रिय (योनि) वरिपरि र हात गोडामा रौं आउनु<br>• महिनावारी शुरू हुनु<br>• डिम्बहरूको उत्पादन शुरू हुनु<br>• स्तनको विकास हुनु र आकारमा वृद्धि हुनु<br>• पाठेघरको आकारमा वृद्धि हुनु<br>• जननेन्द्रिय (योनि) को आकारमा वृद्धि हुनु |

## किशोरावस्था आउने संवेगात्मक (भावनात्मक) परिववर्तनहरू

- मन चञ्चल हुनु, लाज लाग्नु, तनाव बढ्नु, छिटो रिस उठ्नु, एक्कासि तनावग्रस्त भएर अप्रिय निर्णयहरु गर्नु
- आफू र अभिभावक/समाज बीच पुस्तान्तर भएको अनुभुति हुनु, अभिभावकहरु भन्दा बढी साथीहरूसँग आत्मियता बढ्नु
- साथीहरु बीच गहिरो सम्बन्ध राख्ने चाहना हुनु
- आफ्नै मूल्यमान्यताहरूको विकास शुरू हुनु, आफ्नै कुरा सही ठानेर जे कुरामा पनि बहस गर्न खोज्नु
- बढी गोपनीयता चाहनु, एक्लै बस्न मन पराउनु
- सैद्धान्तिक आदर्शका कुराहरूबाट बढी प्रभावित भएर दैनिक व्यवहारका कुराहरूप्रति विद्रोहको प्रदर्शन गर्ने प्रवृत्ति देखा पर्नु
- स्वतन्त्र हुने चाहना हुनु, परिवारसँग विद्रोह गर्न खोज्नु, आफूभन्दा ठूलाबडाले भनेको नमान्नु
- आफ्नो सुन्दरता (शारीरिक स्वरूप, उचाइ, मोटोपन तथा दुब्लोपन) बारे बढी चिन्तित हुनु
- अल्छी लाग्नु, सुती रहन मन लाग्नु जस्ता प्रवृत्तिहरु देखा पर्नु ।

## किशोरावस्था आउने यौनिक परिववर्तनहरू

- यौन सम्बन्धी जिज्ञासा हुनु, यौन चाहना प्रकट हुनु तथा यौनसम्बन्धी कुराप्रति चासो बढ्नु
- महिनावारी, यौन सपना (स्वप्नदोष), हस्तमैथुन, स्तन तथा लिङ्गको आकार प्रति चासो बढ्नु र यी परिवर्तनहरू अस्वाभाविक ठानेर चिन्तित हुनु
- जननेन्द्रियमा आउने परिवर्तनहरूले कौतूहलता, जिज्ञासा र चासो बढ्नु
- जननेन्द्रियको आकारमा वृद्धि तथा परिपक्वता
- किशोरहरूमा लिङ्ग उत्तेजित हुने क्रम बढ्नु
- किशोरहरूमा शुक्रकीट उत्पादन शुरू हुनु र हस्त मैथुन गर्न मन लाग्नु
- किशोरीहरूमा महिनावारी शुरू हुनु
- किशोरीहरूमा डिम्ब परिपक्व हुन थाल्नु
- विपरित लिङ्गका व्यक्तिप्रति आकर्षण बढ्नु
- यौन आकर्षण बढ्न थाल्नु
- यौन सपना (स्वप्नदोष) हुनु
- यौन इच्छा शुरू हुनु र यौन व्यवहारको सुरूवात हुनु



किशोरावस्थामा हुने शारीरिक, भावनात्मक तथा मानसिक र यौनिक परिवर्तनहरूले गर्दा किशोरकिशोरीहरु यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित जोखिममा पर्ने सम्भावना हुन्छ । यस्तो अवस्थाका किशोरकिशोरीहरूलाई समयमै उचित जानकारी, मनोपरामर्श दिएर उनीहरूलाई यौन तथा प्रजनन स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असरबाट बचाउनु पर्दछ । समाजमा उनीहरूप्रति सकारात्मक व्यवहार अपनाउने, क्षमता अनुसारको पारिवारिक तथा सामाजिक जिम्मेवारी दिने र सहकार्य पनि गर्ने, नैतिक आचरणको विकास गराउने, लागुऔषधको प्रयोग, जोखिमपूर्ण यौनसम्बन्ध जस्ता नकारात्मक प्रभाव पर्ने व्यवहारबाट पर्नसक्ने जोखिमहरूका बारेमा जानकारी गराउनु पर्दछ । उनीहरूको जीवनलाई स्वस्थ र उत्पादक बनाउन सबैले प्रेरित गर्नुपर्दछ ।

## ५. महिनावारी हुनु पूर्व देखिने लक्षणहरू

महिनावारी हुनुभन्दा पहिलादेखि महिनावारी भइसक्दासम्म किशोरी तथा महिलाहरूमा विभिन्न किसिमका असहजताहरु वा लक्षणहरु देखिन सक्दछन् । प्रत्येक महिला वा किशोरीलाई भिन्दा भिन्दै लक्षणहरू देखिन सक्दछ । एकपटक देखिएको लक्षण अर्कोपटक नहुन पनि सक्छ । महिनावारी हुनुभन्दा पहिलादेखि महिनावारी भइसक्दासम्म किशोरी तथा महिलाहरूमा निम्न लक्षणहरु देखिन सक्दछन् :

### महिनावारी हुनुपूर्व देखिन सक्ने लक्षणहरू

- तल्लो पेट दुख्नु
- डन्डीफोर आउन थाल्नु
- टाउको दुख्नु
- ढाड दुख्नु, मासंपेशी दुख्नु
- तनाव हुनु
- भावुक वा दिक्क हुनु
- निन्द्रा नपर्नु
- कुनै कुरामा ध्यान केन्द्रित गर्न नसक्नु
- स्तन कडा हुनु वा बढ्नु
- शरीरको तौल हल्का बढ्नु
- खाना नरूच्नु
- थकित हुनु



किशोरीहरु तथा महिलाहरूमा महिनावारी भैसकेपछि यी लक्षणहरु कम हुँदै जान्छन् ।

# ८. महिनावारी सम्बन्धी भ्रमहरू

शिक्षा र चेतनाको अभाव, लैङ्गिक विभेद, पछौटेपन तथा अन्य कारणहरूले महिनावारी सम्बन्धी भ्रमहरू समाजमा अझै व्याप्त छन् । यी भ्रमहरूका कारण किशोरी तथा महिलाहरूमाथि विभेद तथा हिंसा हुँदै आएको छ । हाम्रो समाजमा प्रचलित केही भ्रमहरू यस्ता छन् :

- महिनावारी हुँदा बग्ने रगत फोहोर हुन्छ
- भान्छामा जान, शौचालय र धाराको प्रयोग गर्न हुदैन
- महिनावारी भएकाले छोएको खाना र पानी अरूले खान हुदैन
- तरकारी र फलफूलका बोटबिरूवा, पुरूष आदिलाई छुन हुदैन
- घरबाहिर गोठ (छाउगोठ) मा सुत्नुपर्छ, घाममा बस्न हुदैन
- धर्मकर्ममा भाग लिन, धार्मिक स्थलमा जान, पूजापाठ गर्न हुदैन
- गाई दुहुन, दूध, दुग्धजन्य परिकार तथा प्रसाद खान हुदैन
- सामाजिक कार्यमा भाग लिन, सार्वजनिक भेला वा विद्यालय जान हुदैन









# ७. महिनावारी स्वच्छता व्यवस्थापन

मानिसको शरीरमा भएका अंगहरूले भिन्दाभिन्दै कामहरू गर्दछन् । जस्तै, आँखाले हेर्नु, मुखले खानु, कानले सुन्नु । त्यस्तै, भित्री अंगहरूले पनि भिन्दाभिन्दै काम गर्दछन् । महिलाहरूमा हुने प्रजनन अंगहरूले महिनावारी हुनुमा प्रत्यक्ष भूमिका खेल्दछन्, त्यसैले यो समयमा अरू बेलाभन्दा व्यक्तिगत सरसफाइमा बढी ध्यान दिनुपर्दछ । महिनावारीलाई राम्रोसँग व्यवस्थापन गर्न नसकेमा पिसाबनली/प्रजनननली/ब्याक्टेरियाजन्य संक्रमण र अन्य यौनजन्य रोगहरू लाग्न सक्छन् । भरपर्दो र सुरक्षित महिनावारी स्वच्छता व्यवस्थापनले किशोरीहरूलाई आत्मविश्वासपूर्वक सहज जीवनयापन गर्न र पढाईमा एकाग्रता बढाउन, हाजिरी कायम गर्न र अध्ययन जारी राख्न मद्दत गर्दछ ।

महिनावारी सामान्य शारीरिक प्रक्रिया भएकोले दैनिक क्रियाकलापहरूमा सहभागी हुनु पर्दछ । परिवार, साथीसँगी, विद्यालय, र समुदायको सहयोग लिएर महिनावारी स्वच्छता व्यवस्थापन गर्नुपर्दछ । महिला तथा किशोरीहरूले निम्न लिखित बुँदामा ध्यान दिनु अत्यन्तै जरूरी छ :

## १) सफा पानीको उपलब्धता, शौचालयको पहुँच र प्रयोग

**सफा पानीको उपलब्धता र प्रयोग :** नियमित नुहाउने, यौनाङ्गको सरसफाइ गर्ने, लुगा धुने, हात धुने, शौचालयको प्रयोग गर्दा सामान्य अवस्था भन्दा महिनावारीको बेला धेरै पानी चाहिन्छ । त्यसैले घर, विद्यालय र समुदायमा पानीको पर्याप्त व्यवस्था गर्नुपर्दछ ।

**शौचालयको पहुँच र प्रयोग :** महिनावारीको बेलामा प्रयोग गरिएको प्याड फेर्न, हात धुन र नुहाउनको लागि अन्य समयभन्दा शौचालयको प्रयोग धेरै हुने हुँदा घर, विद्यालय, कार्यस्थल र सार्वजनिक भवन तथा स्थलमा व्यवस्थित र छात्रा/महिलामैत्री शौचालय हुनुपर्दछ । घरमा भएको शौचालयमा पर्याप्त सफा पानी, साबुन, सफा तौलिया, पानी राख्ने बाल्टिन, जग, बिर्कोसहितको फोहोर फाल्ने भाँडो, ब्रस र चप्पलको व्यवस्था गर्नुपर्दछ । शौचालयको प्रयोग गरिसकेपछि घरका सबैले शौचालय सफा गर्नुपर्दछ ।




विद्यालयमा छात्रा र शिक्षिकाको लागि छुट्टै शौचालयको व्यवस्था हुनुपर्दछ । शौचालयभित्र सफा पानी, साबुन, स्यानिटरी प्याड, प्याड फेर्ने सुरक्षित स्थान, प्याड फाल्ने बिर्कोसहितको भाँडो, प्याड राख्ने झोला या इनसिनेटर हुनुपर्दछ ।

कार्यस्थल लगायत सार्वजनिक भवनहरूमा महिलाको लागि छुट्टै शौचालय हुनुपर्छ । शौचालयमा सफा पानी, साबुनको व्यवस्था हुनुका साथै फोहोर प्याड फाल्ने बिर्कोसहितको भाँडो या विसर्जन गर्ने ठाउँको व्यवस्था हुनु पर्दछ ।

## २) महिनावारी सामग्रीको उपलब्धता र प्रयोग

**महिनावारी सामग्री :** महिनावारी हुँदा निस्कने रगतको राम्रोसँग व्यवस्थापन गर्न बजारमा पाइने स्यानिटरी प्याड, सफा सुतीको कपडा, पुनः प्रयोग गर्न मिल्ने कपडाको प्याड, कट्टु, नुहाउने र लुगाधुने साबुन, हट व्याग तथा दुखाई कम गर्ने औषधि आदि जस्ता सामग्रीहरूको व्यवस्था मिलाउनु पर्दछ ।




**महिनावारी सामग्री प्रयोग विधि :**

- प्याड फेर्नुभन्दा पहिले र फेरिसकेपछि साबुनपानीले राम्ररी हात धुनुपर्छ ।
- ४ देखि ६ घण्टाको अन्तरालमा स्यानिटरी प्याड या कपडा या पुनः प्रयोग गर्न मिल्ने प्याड फेर्नुपर्छ ।
- बजारमा पाइने स्यानिटरी प्याडको प्रयोग गर्न लागेको हो भने सबभन्दा पहिले प्याडमा टाँसिएको कागजलाई हटाउनुपर्छ र कट्टुको भित्री भागमा टाँस्नुपर्छ ।
- स्यानिटरी प्याड फेर्नुपर्ने भएमा कट्टुबाट प्याडलाई निकालेर पट्याउनुपर्छ । कागज वा पुरानो पत्रिकामा बेरेर नचुहिने झोलामा हाली फोहोर फाल्ने भाँडोमा राख्नुपर्छ ।

विद्यालयमा प्याड फेर्नु परेमा फोहोर फाल्ने भाँडो वा इन्सिनेटरमा फाल्नु पर्दछ ।

- प्रयोग गरेको स्यानिटरी प्याडलाई चर्पी या पानी जाने पाइपमा फाल्नु हुदैन ।
- घरमा उपलब्ध सफा सुती कपडा या पुनः प्रयोग गर्न मिल्ने प्याड प्रयोग गर्न लागेको हो भने सबभन्दा पहिले प्याड वा कपडालाई कट्टुको मद्दतले अड्याउनुपर्छ ।
- प्रयोग गरेको कपडा, पुनः प्रयोग गर्न मिल्ने प्याड, कट्टु तथा अरू भित्री लुगालाई रगतको टाटो नदेखिने गरी साबुन पानीले राम्रोसँग धोएर घाममा सुकाउनुपर्छ ।
- राम्रोसँग नधोएको र नसुकेको कपडा, प्याड र कट्टुले यौनजन्य संक्रमण हुन सक्दछ ।



## ३) महिनावारी सामग्री व्यवस्थापन र विसर्जन :

महिनावारीको समयमा प्रयोग गरेको प्याडलाई राम्रोसँग व्यवस्थापन र विसर्जन गर्नुपर्छ । जथाभावी प्याड फ्याँक्नाले आफू बस्ने वातावरण फोहोर र दूषित बन्छ ।

- बजारमा पाइने स्यानिटरी प्याडलाई प्रयोग गरिसकेपछि डस्टबिन या फोहोर फाल्ने भाँडोमा जम्मा गरी गहिरो खाल्डो खानेर पुर्नु या जलाउनु पर्दछ ।
- विद्यालयको शौचालयमा इनसिनेटर उपलब्ध भए त्यसमा प्याड फाल्ने वा डस्टबिनमा फाल्नुपर्दछ ।
- शौचालय वा डस्टबिनको सुविधा नभएको ठाउँ या सार्वजनिक स्थलमा जाँदा प्रयोग गरेको प्याडलाई कागजले बेरेर झोलामा राखी घर ल्याएर विसर्जन गर्नुपर्दछ ।

- प्रयोग गरेको प्याडलाई शौचालय, ढल, पानीको फाइप, जँगल, खेतबारी वा खुल्ला ठाउँमा जथाभावी रूपले फ्याँक्नु हुँदैन ।

## ४) महिनावारी स्वच्छता व्यवस्थापनको लागि ध्यान दिनुपर्ने कुराहरु

**घरमा : परिवारका सबै सदस्यहरूले मिलेर किशोरी तथा महिलाहरूका लागि**

- व्यवस्थित र सुविधा सम्पन्न शौचालयको व्यवस्था गर्ने ।
- प्रयोग गरेको कपडा तथा घरेलु प्याड धुने ठाउँ र सुकाउनका लागि राम्रोसँग घाम लाग्ने ठाउँको व्यवस्था गर्ने ।
- फोहोर विसर्जन गर्न चाहिने आवश्यक सामग्री उपलब्ध गर्ने ।
- महिला तथा किशोरीलाई नुहाउनका लागि स्वच्छ र सफा ठाउँको व्यवस्था गर्ने ।
- अघिपछि भन्दा पोषिणयुक्त सन्तुलित खानेकुराहरू दूध, दही, फलफूल, माछामासु खान दिने ।
- बस्नको लागि घरभित्र सफा र सुरक्षित ठाउँको प्रबन्ध गर्ने र पर्याप्त आराम गर्न दिने ।
- महिनावारी वा प्रजनन स्वास्थ्य समस्याका बारेमा परिवारका सदस्यहरूसँग खुलेर कुरा गर्न र सहयोग लिन सक्ने वातावरण बनाइ दिने ।








**विद्यालयमा : शिक्षक, छात्र, अभिभावक, शिक्षक अभिभावक संघको पदाधिकारी मिलेर छात्रा तथा शिक्षिकाहरूका लागि**

- छात्र र छात्राको लागि लैङ्गिकमैत्री र महिनावारीमैत्री शौचालयको व्यवस्था गर्ने ।

- पानीको उचित र पर्याप्त व्यवस्था गर्ने ।
- शौचालयमा फोहोर फाल्ने भाँडो र इनसिनेटरको व्यवस्था गर्ने ।
- आवश्यक परेको बेला प्रयोग गर्नका लागि स्यानिटरी प्याडको व्यवस्था गर्ने ।
- छात्रा र शिक्षिकाहरूको लागि आराम कक्षको निर्माण गर्ने ।
- महिनावारी स्वच्छता सामग्रीको व्यवस्था गर्ने ।
- विद्यार्थीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य र महिनावारी सम्बन्धी शिक्षा प्रदान गर्ने ।

## ३) व्यक्तिगत सरसफाइ :

महिनावारी भएको समयमा अरू समयमा भन्दा बढी सरसफाइमा ध्यान दिनु पर्दछ । यो समयमा धेरैबेरसम्म एउटै प्याड प्रयोग गर्ने र राम्रोसँग सरसफाइ नगर्दा विभिन्न किसिमका ढुसी (fungus) उत्पन्न भई संक्रमण हुन सक्दछ । त्यसका लागि घर बाहिर हुँदा जगेडा प्याड साथमा हुनु आवश्यक छ । कपडा या पुनः प्रयोग गर्न मिल्ने प्याड, कट्टु तथा आफूले लगाएको लुगाहरू सफासँग धोएर घाममा राम्रोसँग सुकाएको हुनुपर्दछ । प्याड र कट्टु सुकाउँदा त्यसलाई ढाक्नु हुँदैन । त्यसै गरेर महिनावारी भएको बेलामा बग्ने रगत तथा अरु बेलामा योनिबाट प्राकृतिक रूपमा निष्कासन हुने रसहरूलाई राम्रोसँग पानीले सफा गर्नुपर्दछ । सफाइ गर्ने भनेर साबुन, सफा गर्ने रासायनिक पदार्थहरु कहिलै पनि योनिको भित्री भागमा प्रयोग हुँदैन । अन्यथा योनि भित्रको प्राकृतिक अवस्थामा गडबडी भएर संक्रमण हुन सक्दछ । महिनावारीको बेला किशोरी र महिलाहरूले नियमित नुहाउनु पर्दछ ।

## ४) पोषणयुक्त सन्तुलित खानपान र पर्याप्त आराम

महिनावारी हुँदा धेरै रगत बग्न गई शरीर कमजोर हुने हुँदा यस्तो बेलामा प्रशस्त पोषिलो आइरनयुक्त फलफूल, माछामासु वा दूधदही, गेडागुडी, हरियो तरकारी र झोलिलो खानेकुराहरु खानुपर्दछ । खानपानको व्यवस्थापनको लागि परिवारका सदस्यहरूले विशेष ख्याल राख्नुपर्छ । गह्रुँगो भारी बोक्ने/उचाल्ने र कडा व्यायाम गर्ने जस्ता शरीर मा बल पर्ने काम गर्नु हुँदैन ।

महिनावारीको समयमा हुने शारीरिक दुखाई कम गर्न सामान्य शारीरिक व्यायाम गर्ने, तल्लो पेट धेरै दुखेमा पेटमा हल्का मालिस गर्ने, रबरको थैली वा बोतलमा तातोपानी राखेर सेक्ने गर्नुपर्दछ । बढी रगत बगेमा वा तल्लो पेट धेरै दुखेमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्दछ ।





# ८. पूर्व परीक्षा प्रश्नावली

**सही उत्तरहरूमा गोलो चिन्ह लगाउनुहोस् ।**

१. विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार किशोरावस्था भन्नाले मानिसको कुन उमेर समूहलाई जनाउँछ ?

क) १३-१९ वर्ष ग) १०- २४ वर्ष
ख) १०-१९ वर्ष घ) १० - २० वर्ष

२. किशोरावस्थामा हुने शारीरिक परिवर्तनहरू के-के हुन् ?

क) जननेन्द्रियमा रौँ पलाउनु ग) उचाइ बढनु
ख) स्वर परिवर्तन हुनु घ) माथिका सबै

३. महिलाका प्रजनन अंगहरू कुन कुन हुन् ?

क) अण्डाशय ग) डिम्बाशय
ख) पाठेघर घ) (ख) र (ग)

४. महिनावरी भनेको के हो ?

क) महिलाको पाठेघरबाट योनि मार्ग हुँदै रगत बाहिर निस्कने ग) लिङ्गबाट रगत बग्नु
ख) योनिबाट सेतो पानी बग्न घ) माथिका सबै

५. महिनावारी कुन उमेरबाट शुरू हुन्छ ?

क) १०-१९ वर्ष ग) १५- २० वर्ष
ख) ९-१६ वर्ष घ) १३ -२० वर्ष

६. महिनावारी हुनु अघिका लक्षणहरू के के हुन् ?

क) पेट दुख्ने, डण्डीफोर आउने, ढाड दुख्ने, तनाव महसुस हुने ।
ख) खाना नरूच्ने , कब्जियत हुने, दिक्क लाग्ने ।
ग) निन्द्रा लाग्ने, पखाला लाग्ने । घ) माथिका सबै

७. महिनावारीमा हुने दुखाइलाई कसरी सजिलोसँग व्यवस्थापन गर्न सकिन्छ ?

क) औषधि खाएर ग) तातो पानीको बोतलले सेकेर
ख) व्यायाम गरेर घ) माथिका सबै

८. महिनवारी कति दिनसम्म हुन्छ ?

क) २- ५ दिन ग) ३- ५ दिन
ख) २-७ दिन घ) ५ -७ दिन

९. महिनावारी कुन उमेरमा रोकिन्छ ?

क) ३५-४५ वर्ष ग) ४५-५५ वर्ष
ख) ४०-४५ वर्ष घ) ५० -५५ वर्ष

१०. महिनावारी चक्र भनेको के हो ?

क) महिनावारी शुरू भएको दिनदेखि अर्को महिनावारी भएको पहिलो दिनसम्म

ख) प्रत्येक ३०-३० दिनमा हुने प्रक्रिया  ग) महिनावारी हुनु नै महिनावारी चक्र हो

घ) माथिका सबै

११. महिनावारी चक्र कति दिनको हुन्छ ?

क) ३-७ दिन  ग) २१-३५ दिन

ख) २०-२५ दिन  घ) २८-३५ दिन

१२. महिनावारी हुँदा प्रयोग गरेको साधन कति समयमा फेर्नुपर्छ ?

क) ६-९ घण्टा  ग) ३-५ घण्टा

ख) ४-६ घण्टा  घ) दिन १ पटक

१३. महिनावारी हुँदा प्रयोग गरेको साधनलाई (प्याड) कसरी व्यवस्थापन गर्न सकिन्छ ?

क) डस्टबिनमा फाल्ने  ग) गाड्ने

ख) जलाउने  घ) ढलमा फाल्ने

१४. महिनावारी भएको बेलामा व्यायाम गर्न हुन्छ

क) हुन्छ  ख) हुँदैन

१५. यौनिको सरसफाइ कसरी गर्न सकिन्छ ?

क) साबुन पानीले  ग) स्याम्पु, जेलले

ख) सफा पानील  घ) पाउडर र स्प्रे लगाएर

१६. कति समयसम्म हात धुनु पर्छ ?

क) कम्तिमा १० सेकेण्ड  ग) कम्तिमा ३० सेकेण्ड

ख) कम्तिमा २० सेकेण्ड  घ) कम्तिमा ४० सेकेण्ड

१७. महिनावारी हुँदा भान्साकोठा भित्र प्रवेश गर्नु हुदैन भन्ने धारणा छ । यसका कारणहरू

क) सामाजिक बन्देजका कारण  ग) जैविक कारण

ख) शारीरिक कारण  घ) माथिका सबै

## समूहगत छलफल

**महिनावारी हुँदा गरिने बन्देजहरू मान्नु पर्छ भन्ने समूहगत छलफलका लागि प्रश्नहरू**

क) महिनावारी हुँदा के-के बन्देजहरू मान्नु पर्छ वा मान्नु पदैन ?

ख) यदि हामीले यी बन्देजहरूलाई पालना गरेनौ भने के हुन्छ ?

ग) बन्देजहरूले गर्दा तपाईको जीवन, समुदायमा र राष्ट्रलाई के कस्तो असर पर्दछ ?

घ) हामीले यस्ता बन्देजहरूलाई कसरी हटाउन वा कम गर्न सक्दछौ ?

KOICA
People Peace Prosperity Planet

Good Neighbors International

PeaceWin
शान्तिदीप

KIRDARC
...together for social justice